September 24th, 2024

Tuesday

National News

प्रमुख समाचार:

1. प्रधानमन्त्री श्री नरेन्द्र मोदी अमेरिकाको तीन दिने भ्रमण पछि नयाँ दिल्ली प्रस्थान
2. प्रभावकारी लेखापरीक्षण कार्यका लागि प्रविधिको विकास आवश्यक रहेको राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुको भनाइ
3. रक्षामन्त्री श्री राजनाथ सिंहद्वारा नयाँ दिल्लीमा भारतीय तटरक्षक कमाण्डरहरूको ४१औँ सम्मेलनको उद्घाटन
4. श्रीलंकामा डा हरिनी अमरसूर्याद्वारा प्रधानमन्त्री पदको सपथ ग्रहण
5. चेस ओलम्पियाडमा स्वर्ण पदक जितेर स्वदेश फर्केका भारतीय टोलीलाई भव्य स्वागत

1. PM US Visit Wrap UP

प्रधानमन्त्री श्री नरेन्द्र मोदी तीन दिने अमेरिका भ्रमणपश्चात् आज बिहान दिल्ली प्रस्थान गर्नुभएको छ। भ्रमणका क्रममा प्रधानमन्त्री श्री मोदीले क्वाड लिडर सम्मेलन र भारतीय-अमेरिकी सामुदायिक कार्यक्रममा भाग लिनुभएको थियो। उहाँले संयुक्त राष्ट्रसङ्घको शिखर सम्मेलनलाई सम्बोधन गर्नुका साथै अन्य देशका नेताहरूसँग छुट्टाछुट्टै द्विपक्षीय बैठकहरू गर्नुभयो। विदेश सचिव श्री विक्रम मिश्रीले प्रधानमन्त्री श्री नरेन्द्र मोदीको अमेरिका भ्रमण निकै सफल भएको बताउनुभएको छ।

2. Prez ASOSAI

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले लेखापरीक्षणलाई प्रभावकारी बनाउन प्रविधिको विकास आवश्यक रहेको बताउनुभएको छ । आज नयाँ दिल्लीमा लेखापरीक्षण संस्थानहरूको सम्मेलनको उद्घाटन गर्दै राष्ट्रपति श्रीमती मुर्मुले भारतको नियन्त्रक र महालेखा परीक्षकले देशको सार्वजनिक वित्तमा पारदर्शिता र जवाफदेहीता सुनिश्चित गर्न महत्त्वपूर्ण भूमिका खेलेको बताउनुभयो। चारदिने सम्मेलनमा पारदर्शिता र जवाफदेहिता प्रवर्द्धनमा सर्वोच्च लेखापरीक्षण संस्थाको महत्वपूर्ण भूमिकाबारे छलफल हुनेछ ।

3. Rajnath Singh – Indian Coast Guard

रक्षामन्त्री श्री राजनाथ सिंहले आज नयाँ दिल्लीमा भारतीय तटरक्षक कमाण्डरहरूको ४१औँ सम्मेलनको उद्घाटन गर्नुभयो। तीनदिने सम्मेलनले विकसित भूराजनीतिक परिदृश्य र समुद्री सुरक्षाका विषयमा फलदायी छलफलका लागि महत्त्वपूर्ण मञ्च प्रदान गर्नेछ। श्री सिंहले देशलाई आन्तरिक प्रकोपबाट जोगाउन तटरक्षकको योगदान अतुलनीय रहेको बताउनुभयो। श्री सिंहले भारतीय तटरक्षकका लागि भारतीय शिपयार्डले ३१ वटा जहाज निर्माण गरिरहेको पनि जानकारी दिनुभयो।

4. J & K – Second Phase Election

जम्मू कश्मीरमा दोस्रो चरणको विधानसभा चुनावको लागि भोलि मतदान हुँदैछ । यस चरणमा २६ निर्वाचन क्षेत्रमा मतदान हुँदैछ। यसका लागि सबै तयारी पूरा भएको छ । मतदानमका लागि तीन हजार ५ सय दुई मतदान केन्द्र तोकिएको छ । मतदानमा अधिकतम मतदाताले आफ्नो मताधिकार प्रयोग गर्न सकून् भन्ने हेतुले सबै सुरक्षा व्यवस्था मिलाइएको छ । निर्वाचन आयोगले मतदानलाई पारदर्शी बनाउन वेबकास्टिङको सुविधा उपलब्ध गराएको छ । जम्मू कश्मीरमा तीन चरणमा विधानसभा चुनाव हुँदैछ। पहिलो चरणमा यही महिनाको १८ तारिक २४ सिटमा मतदान भएको थियो । तेस्रो चरणमा अक्टोबर १ मा ४० सिटमा मतदान हुनेछ। मतगणना अक्टोबर ८ मा हुनेछ।

5. Haryana AICC

अखिल भारतीय कांग्रेस कमिटीले हरियाणाका पार्टी नेता राजेश जुनलाई ६ वर्षका लागि पार्टीको सदस्यताबाट निलम्बन गरेको छ । पार्टी विरोधी गतिविधिमा संलग्न भएको भन्दै उनलाई निलम्बन गरिएको हो । राजेश जुन बहादुरगढ निर्वाचन क्षेत्रबाट स्वतन्त्र उम्मेदवारका रुपमा उम्मेदवार छन् ।

6. Nirmala Uzbekistan

एशियन इन्फ्रास्ट्रक्चर इन्भेस्टमेन्ट बैंकको बोर्ड अफ गभर्नर्सको नवौं वार्षिक बैठकमा भाग लिन केन्द्रीय वित्तमन्त्री श्रीमती निर्मला सीतारमण उज्वेकिस्तानको तास्कन्द पुग्नुभएको छ। उहाँ भोलि बैठकमा सहभागी हुने हाम्रो संवाददाताले जानकारी दिएका छन् । भारत यस बैंकको दोस्रो ठूलो शेयरधारक हो। बैठकमा विकास एजेन्डासँग सम्बन्धित महत्वपूर्ण वैश्विक मुद्दाहरूमा व्यापक छलफल हुनेछ।

7. Shiva Raj - Farmers

केन्द्रीय कृषि र किसान कल्याण मन्त्री श्री शिवराज सिंह चौहानले आज नयाँ दिल्लीमा किसान र किसान संगठनहरूसँग कुराकानी गर्नुभयो। श्री चौहानले करिब ५० जना किसान नेताले आफूलाई भेटेको बताउनुभयो। श्री चौहानले फसलको मूल्य र फसल बिमाबारे किसान संगठनले धेरै सुझाव दिएको बताउनुभयो।

8. Vastra Swachata Abhiyan

वस्त्र मन्त्रालयले 'स्वच्छता–संस्कार स्वच्छता' भन्ने नाराका साथ 'स्वच्छता ही सेवा २०२४' अभियान सञ्चालन गरिरहेको छ । मन्त्रालय अधीनस्थ विभिन्न कार्यालय र स्वायत्त निकायले सरसफाई सम्बन्धी चेतना जगाउन विभिन्न कार्यक्रम आयोजना गरेका छन् ।

9. UP Anti Adulteration Campaign

उत्तर प्रदेश सरकारले खाद्य पदार्थमा मिसावट गर्नेलाई कडा भन्दा कडा कारबाही गर्ने बताइएको छ। देशका विभिन्न भागहरूमा मिसावटको कथित घटनाहरूको संज्ञान लिँदै, मुख्यमन्त्री श्री योगी आदित्यनाथले सबै होटल, ढाबा, रेस्टुरेन्ट र अन्य भोजनालयहरूको विस्तृत अनुसन्धान र प्रमाणीकरण गर्न निर्देशन दिनुभएको छ।

## 10. AIMS Robotic Surgery

अखिल भारतीय आयुर्विज्ञान संस्थान-एम्स, नयाँ दिल्लीले आज प्राविधिक कम्पनी इन्ट्युटिभसँग एक सम्झौता पत्र हस्ताक्षर गरेको छ। रोबोटिक शल्यक्रियाका लागि नयाँ तालिम केन्द्र स्थापना गर्न यो सम्झौता भएको हो । एम्सको 'दा भिन्वी रोबोटिक-सर्जरी ट्रेनिङ सेन्टर' ले सर्जन र हेरचाह टोलीहरूलाई युरोलोजी, स्त्री रोग, सामान्य शल्यक्रिया र अन्य विशेषताहरूमा रोबोटिक शल्यक्रियाहरू गर्न मद्दत गर्नेछ। एम्सका निर्देशक डा. एम. श्रीनिवासका अनुसार संस्थानका रोबोट सर्जनहरूले देशभरका नयाँ सर्जनहरूलाई सल्लाह दिने र तालिम दिनेछन्। उहाँले यस केन्द्रले शल्यक्रिया कौशललाई अगाडि बढाउन र भारतभर बिरामी हेरचाह स्तरहरू सुधार गर्न महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो।

## 11. Sri Lanka Cabinet

श्रीलंकामा राष्ट्रिय जनशक्ति सांसद डा हरिनी अमरसूर्याले प्रधानमन्त्री पदको सपथ ग्रहण गर्नुभएको छ । डा अमरसूर्याले आज राष्ट्रपति सचिवालयमा राष्ट्रपति अनुरा कुमारा दिसानायको समक्ष सपथ ग्रहण गर्नुभएको हो । दिसानायकेले हिजो नै राष्ट्रपति पदको सपथ गर्नुभएको थियो। राष्ट्रिय जनशक्ति सांसदहरु विजित हेरथ र लक्ष्मण निपुण अरचीले क्याबिनेट मन्त्रीमा सपथ लिएका छन् ।

## 12. IFFI Review Preparation

सूचना तथा प्रसारण मन्त्रालयका सचिव श्री सञ्जय जाजुले आज पानाजीमा अन्तर्राष्ट्रिय चलचित्र महोत्सव–२०२४ को तयारी समीक्षा बैठक आयोजना गर्नुभयो। गोवाका मुख्य सचिव श्री पुनित गोयल, निर्देशक शेखर कपूर लगायत मनोरञ्जन जगतका अन्य व्यक्तिहरू बैठकमा उपस्थित थिए। त्यसपछि उनीहरुले गोवाका मुख्यमन्त्री डा प्रमोद सावन्तसित पनि भेटघाट गरेका थिए। अन्तर्राष्ट्रिय चलचित्र महोत्सव गोवामा नोभेम्बर 20 देखि 28 सम्म हुने छ । यो महोत्सवको 55 औं संस्करण हुनेछ।

## 13. Chess Welcome

हंगेरीको बुडापेस्टमा भएको चेस ओलम्पियाडमा स्वर्ण पदक जितेर ऐतिहासिक सफलता हात पारेर स्वदेश फर्किएका भारतीय टोलीका सदस्यलाई आज भव्य स्वागत गरिएको छ । टोलीलाई चेन्नईमा प्रशंसक, अधिकारी र परिवारका सदस्यहरूले स्वागत जनाएका थिए। डी गुकेश, आर प्रज्ञानन्द, आर वैशाली र पुरुष टोलीका कप्तान श्रीनाथ नारायणन आज बिहानै स्वदेश फर्केका हुन्। विमानस्थलबाट बाहिर निस्किने बित्तिकै यी चारजनालाई प्रशंसकहरूले धुमधामले स्वागत गरेका थिए।